# रुपाकोट मझुवागढ़ी नगरपालिका

प्रदेश नं. १

नेपाल

# नमुना कृषि उद्यमी कार्यक्रम कार्यन्वयन कार्यविधि २०७४

नगर कार्यपालिका बाट मितिः २०७४/०९/२७ को निर्णयबाट स्वीकृत





# रुपाकोट मझुवागढी नगरपालिका बाट संचालन हुनेनमुना कृषि उद्यमी कार्यक्रम कार्यन्वयन कार्यविधि-२०७४

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **"नमुना कृषि उद्यमी कार्यक्रम कार्यन्वयन कार्यविधि-२०७४** हुनेछ।

ख) यो कार्यविधि रुपाकोट मझुवागढ़ी नगरपालिका नगराकार्यपालिका बाट स्वीकृत भई प्रमाणित भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा

क) **"नमुना कृषि उद्यमी कार्यक्रम"** भन्नाले (Model agriculture enterpreuneur program) भन्नाले युवाहरुलाई कृषि मा आकर्षित गर्न प्रविधि, ज्ञान शिप तथा पुंजी सहितको व्यवसायिक कृषि उद्यम, उत्पादन तथा वाजारिकरण भन्ने बुझ्नु पर्दछ।

ख) **"समिति"** भन्नाले यस नगरपालिकाको आर्थिक विकास समितिलाई बुझ्नु पर्दछ।

ग) **"स्कीम"** भन्नाले तरकारी खेती/व्यवसाय सञ्चालनको लागि तयार गरिएको प्रस्ताव भन्ने बुझ्नु पर्दछ।

घ) **"युवा"** भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ४० बर्ष सम्मका यस रुपाकोट मझुवागढ़ी नगरपालिका भित्र स्थाई बसोबास भएका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ।

ङ) "**आर्थिक विकास समिति**" भन्नाले रुपाकोट मझुवागढ़ी नगरपालिका, नगर कार्यपालिका अन्तर्गतको आर्थिक विकास समिति बुझ्नु पर्दछ।

**३. उदेश्यः** यस कार्यविधिका देहायबमोजिम उदेश्य रहेका छन्ः

क) तरकारी, माछा, मौरी र च्याउ खेति संग सम्बन्धित व्यवसाय संचालन को लागी आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने।

ख) युवाहरुको लागी आफ्नै घर गाउँमा रोजगारीको अवशर सृजना गर्न सहयोग पुर्याउने।

ग) युवाहरुको आय आर्जनमा टेवा पुर्याई किसानहरुको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने।

घ) तरकारी, माछा, मौरी र च्याउको उत्पादन वृद्धि गराउने।

## परिच्छेद २

## नमुना कृषि उद्यमी कार्यक्रम संचालन विधि

**४. नमुना कृषि उद्यमी कार्यक्रम** : यस कार्यविधि अन्तर्गतः युवा लक्षित तरकारी, माछा, मौरी र च्याउको उत्पादन कार्यक्रम सञ्चालन गरिने छ।

**५. नमुना कृषि उद्यमी कार्यक्रम छनौटका आधारहरु :**

नमुना कृषि उद्यमी कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्।

क) तरकारी, माछा, मौरी वा च्याउ खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ।

ख) विगत वर्षदेखि तरकारी खेती गर्दै आएका र_तरकारी, माछा, मौरी वा च्याउ खेती गर्न इच्छुक प्राविधिक ज्ञान भएका नयाँ युवाहरु यस कार्यक्रममा संलग्न हुन सक्नेछन्।

ग) तरकारी, माछा, मौरी वा च्याउ खेतीको लागी जमीन आफनै वा भाडामा लिएर गर्न सकिने छ । स्कीम संचालन गर्ने युवा रुपाकोट मझुवाआगढ़ी नगरपालिकाको स्थायी वासिन्दा हुनुपर्नेछ ।

घ) व्यवसायिक तरकारी, माछा, मौरी वा च्याउ खेतीको लागि सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको ५० % भार व्यहोर्नु पर्नेछ । उक्त भार रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्ने छ ।

ङ) कार्यक्रममा कम्तीमा ३० % महिला सहभागिता हुनुपर्नेछ र दलित, सामाजिक रुपमा पिछडिएका तथा विपन्न युवावर्गको हितलाई विशेष प्राथमिकता दिईने छ ।

च) वातावरणीय अनुकूलका स्कीमहरुलाई प्रोत्साहित गरिने छ ।

छ) जिल्ला कृषि विकास कार्यालय तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट तरकारी, माछा, मौरी वा च्याउ खेती प्रयोजनका लागि सहयोग नलिएको स्कीम छनौट गरिने छ ।

ज) एक पटक अनुदान पाएका कृषक/सगोलमा रहेका कृषक परिवारलाई पूनः अनुदान दिईने छैन ।

झ) छनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ

## ६. नमुना कृषि उद्यमी कार्यक्रम संयोजक र निजको दायित्व :

नमुना कृषि उद्यमी कार्यक्रम सञ्चालनार्थ कार्यक्रम संयोजक र निजको दायित्व देहाय बमोजिम हुनेछ ।

क) नमुना कृषि उद्यमी कार्यक्रम को लागि रुपाकोट मझुवागढ़ी नगरपालिकाका कृषि संयोजक लाई संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा कार्यालय प्रमुखले कुनै कृषि हेर्ने कर्मचारीलाई संयोजक तोकी जिम्मेवारी तोक्नु पर्नेछ ।

ख) संयोजकले नगरपालिकामा तरकारी, माछा, मौरी वा च्याउ खेतीमा देखिएको समस्या हेरी सम्वन्धित विषय विशेषज्ञको सहयोगमा निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्नुपर्नेछ ।

ग) प्रत्येक स्कीम सम्वन्धि भए गरेका कार्यहरुको अभिलेख राख्नुपर्नेछ ।

## ७. नमुना कृषि उद्यमी कार्यक्रम सञ्चालन प्रकृया:

नमुना कृषि उद्यमी कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**क) सूचना प्रवाहः** रुपाकोट मझुवागढ़ी नगरपालिकाले नमुना कृषि उद्यमी कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे, स्थानिय पत्र पत्रिका, वडा कार्यालय, वा स्थानीय एफ.एम. मार्फत अनुसूचि १ बमोजिमको ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ ।

**ख) आवेदन** : उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि ब्यबसायिक तरकारी, माछा, मौरी वा च्याउ उत्पादन कार्यक्रम कार्यान्वयनको लागि बिदेशबाट फर्केका, बिदेश जान लागेका तथा स्थानिय बेरोजगार युवाहरुबाट अनुसुचि २ बमोजिमको ढाँचामा वडा कार्यालय वा रुपाकोट मझुवागढ़ी नगरपालिकामा आवेदन पेश गर्नुपर्नेछ । आवेदन पेश गर्दा सम्वन्धित प्रस्तावक युवा १ प्रति फोटोसहित स्वयं नै उपस्थित हुनुपर्नेछ । वडा कार्यालयमा पेश हुन आएका स्कीमहरु वडा कार्यालय रुपाकोट मझुवागढ़ी नगरपालिकामा सिफारिस साथ स्कीम दर्ता गराउनु पर्नेछ ।

**ग) स्कीम** : आवेदनको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ ।

**घ) छनौट प्रक्रिया :** रुपाकोट मझुवागढ़ी नगरपालिकाले दफा ७(ग) बमोजिम नमुना कृषि उद्यमी कार्यक्रमबारे माग भई आएका आवेदनहरुको छनौट प्रक्रिया अगाडि बढाउँदा अनुसुची -६ मा उल्लेखित सूचकहरुको आधार एवं स्किम संचालन हुने स्थानको स्थलगत अवलोकन प्रतिवेदन तयार गरी आर्थिक बिकास समितिमा पेश गर्नुपर्ने छ । स्किम संचालन हुने स्थानको स्थलगत अवलोकन गर्दा रुपाकोट मझुवागढ़ी नगरपालिकाले गर्नुपर्नेछ । पेश भएका स्कीमहरु मध्ये **आर्थिक विकास समितिको परामर्शमा नगर कार्यपालिका कार्यालय अन्तर्गतको कृषि शाखाले नगर प्रमुखबाट** उपयुक्त स्किमहरुलाई स्वीकृत गर्नेछ। स्वीकृत गरिएका स्कीमहरुलाई रुपाकोट मझुवागढ़ी नगरपालिकाले अनुसूची -४ वमोजिम सम्झौता गराई कार्यक्रम संचालन गराइनेछ ।

**ङ) अनुदान रकम प्रवाह प्रक्रिया** : अनुदान सहयोगको रकम र उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

**क**) प्रति स्किम रु. ५०,०००।-(पचास हजार रुपैया) सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

**ख**) स्कीम स्वीकृति पश्चात् रुपाकोट मझुवागढ़ी नगरपालिकाले उक्त कार्यक्रमको लागि अनुदान रकम छनौट भएका युवाको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ । यसरी अनुदान रकम उपलब्ध गराउंदा दुई किस्तामा अनुदान उपलब्ध गराइनेछ । **आर्थिक विकास समितिबाट** कार्यक्रम स्वीकृत भई रुपाकोट मझुवागढ़ी नगरपालिकासंग सम्झौता भएपश्चात स्कीम अनुसार आवश्यक पर्ने संरचना तथा सामग्री व्यवस्था गरी तरकारी, माछा, मौरी वा च्याउ खेती शुरु गरेपछि कार्यालयले स्थलगत अनुगमन गरी पहिलो किस्तामा ५०% अनुदान रकम उपलब्ध गराईनेछ । कार्यक्रम सम्पन्न भए पछि आवश्यक कागजात तयार गरी दोस्रो किस्ताको भुक्तानीका लागि पेश गर्नु पर्नेछ, तर दोस्रो किस्ताको रकम प्राप्त गर्नका लागि प्रथम किस्ताको रकम फरफारक भएको हुनु पर्नेछ र दोस्रो सिजनको तरकारी, माछा, मौरी वा च्याउ गरेको हुनुपर्नेछ । रुपाकोट मझुवागढ़ी नगरपालिका वा वडा कार्यालयले अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा दोश्रो किस्ताको रकम भुक्तानी दिइनेछ । यस्तो अनुदान रकम **व्यवसायिक तरकारी, माछा, मौरी वा च्याउ खेती गर्न आवश्यक पर्ने वीउ, विरुवा, मल, विषादी, स्पन, घार, गोला प्लाष्टिक, सिचाईको पाईप, होर्डिङ्ग बोर्ड, सामाजिक लेखा परिक्षण तथा तरकारी, माछा, मौरी वा च्याउ उत्पादन गर्न आवश्यक पर्ने अन्य सामग्री** आदिमा समेत खर्च गर्न सकिनेछ ।

**ग**) नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम रुपाकोट मझुवागढ़ी नगरपालिकाले अग्रसरता लिई सम्वन्धित युवाहरुद्वारा पारदर्शिता अपनाई कार्यक्रम संचालन गर्नुपर्नेछ । कार्यक्रम संचालन पेश भएको स्कीम र सम्झौता अनुसार हुनुपर्ने छ ।

**८.कार्य सम्पन्न प्रतिवेदन** : युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि सम्बन्धित वडा कार्यालय मार्फत सम्बन्धित रुपाकोट मझुवागढ़ी नगरपालिकामा अनुसूची ५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । रुपाकोट मझुवागढ़ी नगरपालिका ले नगरपालिकामा संचालित कार्यक्रमहरुको समग्र प्रगति प्रतिवेदन तयार गरी सुरक्षित राख्नुपर्नेछ।

## परिच्छेद-३
## विविध

**१५) अनुगमन तथा मूल्याकन व्यवस्था** : कार्यक्रमको रुपाकोट मझुवागढ़ी नगरपालिकाबाट नियमित अनुगमन गरिने छ । रुपाकोट मझुवागढ़ी नगरपालिकाले अनुगमन तथा स्थलगत अवलोकनका लागि बार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन खर्चबाट गर्नुपर्नेछ । उक्त विनियोजित कार्यक्रम संचालन खर्चबाट स्थलगत अवलोकन (फिल्ड भेरिफिकेसन), दै.भ्र.भत्ता, इन्धन, रिपोर्टिङ आदिमा खर्च गर्न सकिनेछ ।

**१६) कारवाहीको व्यवस्था** : प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

१७) **प्रचलित कानून लागू हुने** : नमुना कृषि उद्यमी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।

१८) **कार्यबिधि संशोधन तथा परिमार्जन** : रुपाकोट मझुवागढ़ी नगरपालिका , नगर कार्यपालिकाले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

१९) **बिमा :** हरेक युवा लक्षित स्कीमले सम्भाव्यताको आधारमा विमा गराउनु पर्नेछ ।

२०) **खारेजी तथा बचाउ :**

यो कार्यविधि नेपाल सरकार का प्रचलित कानुनहरु र यस रुपाकोट मझुवागढी नगरपालिका नगर कार्यपालिका ( कार्यसम्पादन) नियमावली, २०७४ संग बाजिन गएमा बाजिएको हदसम्म खारेज हुनेछ।

अनुसूची - १

# तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि नमुना कृषि उद्यमी कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

## सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि कार्यक्रमको माध्यमवाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखी ४० वर्ष उमेरमा अर्ध वेरोजगार/वेरोजगार युवा/युवतीहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले **१५** दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपशिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।

२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र आवेदकको १ प्रति पासपोर्ट साइजको फोटो ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

अनुसूची - २

# तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि कार्यक्रममा आनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् संयोजक ज्यु,

कृषि शाखा, नगर कार्यपालिकाको कार्यालय, रुपाकोट नगरपालिका

............................... ।

**विषय : नमुना कृषि उद्यमी कार्यक्रमअन्तर्गत अनुदान सहयोग उपलब्ध गराई दिने वारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपशिल**

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र १ प्रति पासपोर्ट साइजको फोटो

३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक

४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)

५. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि

६. समूह/समिति/सहकारीका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको

नाम :

दस्तखत :

ठेगाना :

फोन नं.

## संघ/संस्थाको सिफारिस

यस ......................................... संघ/संस्था/सहकारी को मिति .................... को निणर्य अनुसार निवेदनकर्तालाई ................................ कार्यको लागि यस .................. को जमानतमा माग गरे बमोजिमको रु. ........................... अनुदान सहयोग उपलब्ध गराई दिन हुन अनुरोध गर्दछौ ।

सिफारिस गर्ने पदाधिकारीको

नाम :

पद :

दस्तखत र मिति :

संघ/संस्थाको नाम र ठेगाना :

सम्पर्क नं. :

संस्थाको छाप :

अनुसूची - ३

# तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी युवा/युवतीको नाम थर :

ठेगाना : .................. गाउँ/टोल : .................... वार्ड नं. : .......

संचालन गर्न खोजेको ............ सम्बन्धि व्यवसाय र स्थान :

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :

आफ्नो लगानि :

आफ्नो पारिवारिक श्रम :

व्यवसायवाट उत्पादन हुने वस्तु :

उत्पादित कृषि बस्तुको परिमाण :

बजारयोग्य परिमाण :

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म/समूह/समिति/सहकारीको नाम : सम्पर्क नम्वर:

ठेगाना: गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

व्यवसाय संचालन गरिने स्थान :

संचालन गरिने कार्य विवरण:

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

ब्यवसाय गरेको भए, विगत कति वर्ष देखि ......... निरन्तर गरि रहेको? वर्ष.........महिना.......

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) वाहिर वाट ग) दुवै

तर्फ वाट सहि गर्नेको

नाम : संस्थाको छाप: (संस्थाको हकमा)

पद :

दस्तखत : मिति :

अनुसूची - ४

# तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

रुपाकोट मझुवागढी नगरपालिका बाट गरिने चालु आ.व. ............. को स्वीकृत नमुना कृषि उद्यमी .......................... कार्यक्रम संचालन गर्न रुपाकोट मझुवागढी नगरपालिका, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका यूवा कृषक श्री/सुश्री/श्रीमती ................................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा /कार्यबिधि अनुसार सम्वन्धित युवाको खातामा अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको .......................... व्यवसाय संचालन गर्नेछ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन्।

४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/ भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ।

**पहिलो पक्ष**

रुपाकोट मझुवागढी नगरपालिकाको तर्फवाट सहि गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

कार्यालयको छाप :

सम्पर्क फोन नं. :

**दोश्रो पक्ष**

युवा उद्यमी वा संस्थाकोतर्फवाट सहि गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

औठाको छाप :

संस्थाको छाप :

दा. वाँ.

अनुसूची - ५

# तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको

नाम :

ठेगाना :

२. संचालित व्यवसायको

नाम :

ठेगाना :

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्य :

१. .......    २. .......    ३. ....

युवा उद्यमीको नाम :    दस्तखत :    मिति :

ठेगाना :

## अनुसूची - ६

## तरकारी खेती/मत्स्य पालन/च्याउ/मौरी सम्बन्धि कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम

| क्र. सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (२०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्तता (२५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

३.